# सम्पादकीय

समयको नदीमा आउने बाढीको इतिहास दजला, फरात त्यो सुमेरियन सभ्यताभन्दा पनि धेरै पुरानो हो, सायद ती नदीको त्यही प्राचीन जलप्रलयाग्निले त्यहाँका बासीलाई ककेसियन बनाएको पो हो कि ? नदीमा मात्र होइन औँसी, पूर्णे, चन्द्रमाको गुरुत्वाकर्षणको परिणाम सागरमा समेत र अझै सागर मात्र पनि कहाँ हो र त्यही गुरुत्वाकर्षणले सायद मानव रक्तसागरमा पनि अज्ञात, अनिर्धारित औँसी, पूर्णे ज्वारभाटा ल्याइदिन्छ । थाहा छैन ज्वारभाटामा स्वयं धर्तीका गर्भको उम्लिदो लाभाको कति प्रतिशत भूमिका हुन्छ ।

प्राथमिकतः समय परिवर्तनशील छ, त्यो परिवर्तन बोकेर आएको हावा कता बहँदै छ ? त्यो आँधी र चक्रवात सुनामी लिएर आएको सुक्खा वतास मात्र हो वा खेत, बारी र फूलबारी सिँचेर लहलह जीवन जिलाउने मनसुन बोकेर आएको प्रकृतिको वरदान हो, पहिचान महत्त्वपूर्ण छ ।

राष्ट्र, समाज र संस्कृतिको बदलिँदो स्वरूप पहिचान गरी सही दिशा दिन सक्नु पनि प्राज्ञिक कर्म र धर्म हो । बदलिँदो वायुले पश्चगामी र यथास्थितिमै बन्धक बनाएर राख्ने बाँधहरूलाई भत्काएर अगाडि जान्छ । त्यसका अवरोध सबैलाई बढारेर लैजान्छ । तर त्यो जलधार वा वायुवेग नै ज्वरग्रस्त, तापित, हल्का दूषित र कुपित छ भने त्यसलाई बढार्न पनि अर्को आँधी आउँछ, यो प्रकृतिको धर्म हो ।

आज नेपाली समाज विज्ञान र प्रविधिप्रदत्त अद्‌भूत चमत्कारयुक्त विश्वको द्रुत धावन देखेर वाल्न पर्ने अवस्थामा छ । गतिहीन गतियुक्त यही अलमलभित्रै आज नेपाली समाज किंकर्तव्यविमूढ कुहिरोको काग भएको छ । अझ नियालेर हेर्दा लाग्छ, यो समाज पनि भारतीय लेखक धर्मवीर भारतीको 'अन्धायुग' (सन् १९५३) मा चित्रित भारतीय समाज जस्तै छ, जो एउटा कालो, अँध्यारो इनार बनेको देखिन्छ जसभित्र असङ्ख्य सर्पहरू गुजुल्टिएका छन्, जो बेलाबेलामा एकापसमा जोल्ठिँदै, लट्ठा परेर माथि माथि ठडिन्छन् र फेरि भुइँमै पछारिन्छन्, जहाँ अन्धा राजा धृतराष्ट्र गद्दीनसिन छन्, परिणामतः जताततै अँध्यारो छाएको छ, जहाँ सम्पूर्ण मूल्य मान्यता समाप्त भएर खडेरी परेको छ, नयाँ मूल्य निर्माण भएका छैनन् ।

त्यही अन्धता हाम्रोमा पनि अनुभव हुँदै छ । हामी त्यही इनारका गुजुल्टी परेका सर्प भएका त हैनौँ ? लाग्दै छ । उनीहरूलाई त्यसैले तोड्यो, मरोड्यो, फुटाल्यो र केही क्षणलाई शान्ति भए जस्तो भयो । हाम्रो समाजरूपी सानो समुद्रमा अनेकौँ नदी,

खोला र खहरेको सङ्लो, धमिलो उर्लंदो भेल मिसिँदै छ र समुद्रमा अनेक धार र रेत उमेडिँदै छन् ।

आशावादी हुनुको विकल्प छैन, कुनै दिन हाम्रो समुद्र शान्त, स्निग्ध र समुन्नत हुनेछ, उज्यालाका किरणहरू पनि छन्, हाम्रो सामाजिक चेतना र नयाँ पिँढी त्यसका आधार हुन् ।

आजसम्म पनि 'प्रज्ञा' जर्नल ढाँचागत बौद्धिक कसरतमै सीमित भएको आरोप छ । हाम्रा क्षमतावान् एकथरी प्राज्ञिक लेखकहरू रूपान्तरित हुन मानिरहनु भएको छैन, अर्को थरी प्रयोजनपरक, उद्देश्यमूलकहरूले अपेक्षा गरेअनुरूप नयाँ केही दिन सकिरहेको स्थिति छैन । हामी यही दोबाटोमा छौँ । यसमा हामी र अझ हाम्रो प्राज्ञिक प्रवाहले ज्ञान उत्पादन र संस्कृति निर्माणको आजको विश्वको प्राज्ञिक कसरतलाई मध्यनजर गर्दै अझ त्यसलाई पनि मथेर नौनी निकाल्दै हाम्रो आफ्नो मौलिकतासहितको उज्यालो निर्माण गर्दै अगाडि बढ्ने छ र उज्यालो दिनेछ ।

अन्त्यमा, प्रस्तुत अङ्कमा समावेश भएका लेखका लागि सम्बन्धित लेखकहरूलाई धन्यवाद प्रकट गर्दछौँ । अनुसन्धानात्मक लेखको वस्तुगत तथा विवेकसम्मत मूल्याङ्कनका साथै उपयुक्त सुझाव दिई सहयोग गर्नुहुने आदरणीय विज्ञसमीक्षकहरूप्रति हामी आभारी छौँ । यसको प्रकाशन प्रक्रियासँग सम्बद्ध कर्मचारी मित्रहरूलाई धन्यवाद दिँदै प्रज्ञाको पूर्णाङ्क १२६ समादरणीय पाठकवर्गसमक्ष प्रस्तुत गर्दछौँ । अस्तु ।

प्रधान सम्पादक